# गाँउपालिका उपाध्यक्ष श्री मनिषा सिंह थारु ज्युबाट
# १५औं गाउँ सभामा प्रस्तुत गर्नु भएको
# वजेट बक्तब्य

राप्ती सोनारी गाउपालिका, गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके

लुम्बिनी प्रदेश, नेपाल

२०८१ असार १० गते

**आदरणीय सभाध्यक्षज्यु,**

**सभासदस्यज्युहरु,**

**दिदीबहिनी तथा दाजुभाईहरु**

राजनैतिक परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलन लगायतका आन्दोलनमा आफ्नो जीवन आहुती गर्नुहुने शहिदहरुप्रति सम्मानका साथै हार्दिक श्रद्धान्जली तथा यस क्रममा भएका घाइते, अपाङ्ग शहिद परिवार, वेपत्ता नागरिक र तीनका परिवार प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । स्थानीय निर्वाचन २०७९ पश्चात तेस्रो पटक यस गाउँपालिकाको बजेट प्रस्तुत गर्न गइरहेकी छु। देशकै दोस्रो ठुला गाउँपालिका मध्यको एक गाउँपालिकाको उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८१/८२को बजेट प्रस्तुत गर्ने अवसरका लागि गौरव महशुस गरेकी छु । यस गाउँपालिकाको भौगोलिक विषमता, जातिय विविधता, राष्ट्रिय वन तथा निकुञ्ज क्षेत्र एवं पश्चिम राप्तीको विपद् समेतलाई दृष्टिगत गरी यो आर्थिक वर्षको बजेट तथा कार्यक्रम निर्माण गरेकी छु । यस गाउँपालिकाका श्रद्धय अध्यक्षले पेश गर्नु भएको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमलाई मार्गदर्शन मान्दै आर्थिक वर्ष २०८१/०८२ को आय-व्ययको विवरण सार्वजनिक गर्न चाहन्छु ।

**सभाध्यक्ष ज्यु**
**सभासदस्य ज्युहरु,**

**सर्वप्रथम,**म चालु आर्थिक ०८०/०८१ को हालसम्मका आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र संस्थागत प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरण यस गरिमामय सभामा प्रस्तुत गर्न अनुमति चाहन्छुः

## कृषि तथा पशुपंछी

यस चालु आर्थिक बर्षमा कृषि विकास तर्फ धान प्रवर्धन कार्यक्रम १, धान पकेट क्षेत्र १ वटा सञ्चालन गरिएको छ ।त्यसै गरी धानको वीउ ६४१ क्विन्टल गहुँको वीउ ५०० क्विन्टल वितरण गरिएको छ । मेशिनरी औजार तर्फ बोरिङ्ग १० वटा, पम्पसेट ६ वटा, मोटर २५२ वटा, मिनी टेलर ३ वटा, स्प्रे ट्यांकी ८७ वटा, रिपर ४ वटा ,कोदालो ११ वटा, हाइरो १ वटा वितरण गरिएको छ ।

पशु स्वास्थ्य सेवा तर्फ शिविर सञ्चालन ३ वटा (लाभान्वित घरधुरी १२३), उन्नत जातको बोका वितरण १९ वटा, च्याफकटर २० वटा, नयाँ फर्म दर्ता/सूचीकृत ४१, कृतिम गर्भाधान ११६ वटा सम्पन्न भएका छन्।

## सहकारी वित्तीय संस्था तथा गै. स. स.

यस आर्थिक बर्षमा सहकारी शाखाको स्थापना भएको छ । सूचिकृत हुन आउने सहकारी संख्या ३९, वित्तीय संस्था १०, वीमा १, सामुदायिक वन २० रहेका छन् । रक्तदान कार्यक्रम १२२ जनाले रक्तदान गर्नुका साथै सहकारी संजाल गठन भई समन्वय बैठक ६ पटक बसेको थियो |सहकारी व्यवसायिक तालिम र कोपोमिस तालिम समेत सम्पन्न भएको छ ।

## भूमि व्यवस्थापन

यस गाउँपालिकामा १३०७५ जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन गर्नुका साथै वडा नम्बर ३ को घर परिवार ८८५ फाइलको २२०० कित्ताको नाप जाँच कार्य सम्पन्न भएको छ । यसैगरी वार्ड नं ४ को १७८६ फाइल २३५० कित्ता नापजाँच तथा वडा नं.७ मा ३५७ फाइलको ५५१ कित्ता नापजाँच भएको छ।

## उद्यम विकास

संघीय सरकारको सहयोगमा दुना टपरी कार्यक्रमबाट ३० जनाको सिप विकास तथा उद्यमशिलता विकास तालिम सम्पन्न भएको छ । घरेलु हात हतियार सम्बन्धी तालिम संचालन गरिएको छ। गत आवमा ४७ जना एडभान्स तालिम ,सिलाई कटाई तालिम १० जना, स्तरोन्नती कार्यक्रमबाट ५५ जना लाभान्वित (सिलाई कटाई २१ र कृषि तथा पशु सम्बन्धी तालिम ३४) सम्पन्न भएका छन् ।

## प्रधानमन्त्री रोजगार

आ. व. २०८०/८१ का लागि ३०७ जना वेरोजगार सुचिमा सुचिकृत भएका छन् । यस आ. व. मा ६ वटा आयोजना संचालनमा आएका छन् । रोजगार सेवा केन्द्रमा ३ जनाजनशक्ति पदपूर्ति भएको छ ।

## शिक्षा

यस आर्थिक बर्षमा २५ वटा विद्यालयमा कक्षा कोठा भवन मर्मत तथा शौचालय र खानेपानी व्यवस्थापनको कार्य शुरु गरिएको , ३ वटा विद्यालयमा पुस्तकालय तथा २ वटा विद्यालयमा विज्ञान

प्रयोगशाला  स्थापना भएका छन् । विद्यालयहरुमा शिक्षक विद्यार्थीको अनुपातको आधारमा शिक्षक व्यवस्थापनको कार्य शुरु गरिएको छ। यस गाउँपालिकामा स्थायी बसोबस भई उच्च तथा प्राविधिक शिक्षा अध्ययन गर्ने ४० जना विद्यार्थीहरुलाई छात्रवृत्ती प्रदान गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । १२ वटा वालविकास केन्द्रलाई खेल सामग्री प्रदान गरिएको छ । गाउँपालिका अनुदानमा १४६ जना शिक्षक कर्मचारी व्यवस्थापन गरिएको छ । गत आव देखि शुरु गरिएको  विद्यालय समायोजन निरन्तर भईरहेको छ सो कार्य हाल १४ वटा विद्यालयमा शुरु गरिएको छ । स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक कक्षा ५ सम्म छपाई तथा वितरण तथा  कक्षा ६ देखि ८ सम्मको स्रोत सामग्री छपाई तथा वितरण गरिएको छ । ७५ जना शिक्षकलाई नयाँ पठ्यक्रमको अभिमुखीकरण कार्यशाला सञ्चालन गरिएको छ । वडास्तरिय शिक्षा समिति गठन गरि शैक्षिक व्यवस्थापन कार्यलाई थप व्यवस्थित गरिएको छ ।

**सभाका सभाध्यक्ष ज्यु,**
**सभासदस्य ज्युहरु,**

## स्वास्थ्य तर्फ

यस आर्थिक बर्षमा महादेवपुरी स्वास्थ्य चौकीको भवन र आ.स्वा.केन्द्र-६, मा बिर्थिंग सेन्टर भवन निर्माण गरि सेवा प्रबाह गरिएको छ | राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत पूर्णखोप सुनिश्चितता तथा दिगोपना गाउँपालिका घोषणा कार्यक्रम सम्पन्न गरिएको छ |

तिलगंगा आँखा उपचार केन्द्र लालमटिया दाङको सहकार्यमा ७१ जना ज्येष्ठ नागरिकहरुको मोतियाबिन्दुको शल्यक्रिया सम्पन्न गरिनुका साथै प्रस्तावित राप्ती सोनारी अस्पताल बैजापुरमा आँखा उपचार केन्द्रको स्थापना गरि सेवाप्रवाह गरिएको छ |

बा-आमा संरक्षण कार्यक्रम अन्तर्गत अर्जुनबाण गण शमशेरगंज तथा नेपालगंज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुर तथा HCRC अस्पताल नेपालगंजको सहयोगमा बृहत बिशेषज्ञ स्वास्थ्य शिबिर वडा नं. ९ को जनता मा.बि बैजनाथपुरमा संचालन गरि करिब ७०० जना व्यक्तिहरुको स्वास्थ्य जांच गरिएको थियो |

त्यसै गरि स्वास्थ्य कार्यालय बाँके र यस गाउँपालिकाको समन्वयमा वडा नं.८ र ५ मा नसर्ने रोग सम्बन्धी स्वास्थ्य शिबिर संचालन गरि सम्पन्न गरिएको थियो | नेपालगंज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरको प्राविधिक सहयोग तथा यस गाउँपालिकाको आर्थिक सहयोगमा महिलाहरुको पाठेघर सम्बन्धी बिशेषज्ञ स्वास्थ्य शिबिर वडा नं.१ र वडा नं. ८ मा संचालन गरि सेवा प्रवाह गरिएको थियो | तिलगंगा आँखा उपचार केन्द्र लालमटिया दाङको प्राविधिक सहयोग तथा यस

गाउँपालिकाको आर्थिक सहयोगमा सबै वडाहरुमा आँखा जांच शिबिर संचालन गरिएको थियो| दादुरा रुबेला खोप अभियान २०८० तथा FIPV खोप अभियान २०८१ सफलतपुर्वक सम्पन्न गरिएको थियो|

सशर्त अन्तर्गतका स्वास्थ्यका नियमित अर्ध-बार्षिक समिक्षा तथा बार्षिक समिक्षा तथा विभिन्न अभिमुखीकरण कार्यक्रम तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि कार्यक्रम र क्षयरोगको समुदायस्तरमा खोजपडताल कार्यक्लम संचालन गरिएको थियो |

CBIMNCI कार्यक्रमको स्थलगत अनुशिक्षण तथा समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ | न्यूनतम सेवा मापदण्ड कार्यक्रम सबै स्वास्थ्य चौकीहरुमा संचालन गरि सम्पन्न गरिएको छ |

## महिला, बालबालिका जेष्ठ नागरिक तथा समाज कल्याण

बाल दिवसको अवसरमा बालविवाह न्यूनीकरण सम्बन्धी जनचेतनामुलका सडक नाटक तथा दृष्टिविहिन अपाङ्गता भएका व्यक्ती २ जनालाई सहायक सामग्री मोबाइल वितरण गरिएको छ । लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा सम्पुर्ण वडा समेटेर सबै प्रकारका हिंसा विरुद्ध कानुनी व्यवस्था सम्बन्धी प्रशिक्षण कार्य सम्पन्न गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य परिक्षण मार्फत ४८९ जना व्यक्तिहरु लाभान्वित भएका छन्।विपन्न एकल महिलाका २० घर परिवारलाई खाद्यान्न वितरण गरिएको छ । ३५ जना महिलालाई सम्मान तथा बहिरा अपाङ्गता भएका व्यक्तिलाई ३ महिने सानंकेतिक भाषाको तालिम प्रदान गरिएको छ । ८० जना व्यक्तिलाई सहायक सामग्री वितरण शुरु गरिएको छ । यस आर्थिक बर्षमा नियमित अपाङ्ग परिचय पत्र वितरण अन्तर्गत ५३ जना व्यक्तिलाई प्रदान गरिएको छ।

## पञ्जीकरण तथा सामाजिक सुरक्षा

यस आर्थिक बर्षमा व्यक्तिगत घटना दर्ता वा पन्जिकरण संख्या ३८६१ रहेको छ । तेस्रो चौमासिक सम्ममा सामाजिक सुरक्षा भत्ता वितरणबाट १६७९८ जना लाभान्वित हुनका साथै रकम रु. १५ करोड ८४ लाख वितरण गरिएको छ ।

## पूर्वाधार विकासः सडक, सिंचाई, खानेपानी,भवन तथा तटबन्ध निर्माण

यस आर्थिक बर्षमा गाउँपालिका भित्र कालो पत्रे सडक ४८३६ मिटर,ग्राभेल सडक ६७१९ मिटर, PCC सडक २१५ मिटर र नयाँ ट्र्याक ४२० मिटर निर्माण भएको तटबन्ध निर्माण ६० मिटर,५

स्थानमा कलभर्ट निर्माण, ४ वटा भुयर थानतथा मन्दिर निर्माण, १ वटा प्रतिक्षालय र चौतारानिर्माण, पक्की नाली २२९० मिटर पक्की पर्खाल ३६७ मिटर र ह्युप पाइप १३ थान जडान भएको र तारजाली १८७६ मिटर निर्माण भएको छ । नयाँ घर नक्शा १ र पुरानो अभिलेखीकरण २४ वटा भएका छन् ।

## सुरक्षित नागरिक आवास

२०७१ सालका २०३ जना बाढी पिडीतहरुलाई हाल सम्म प्रति व्यक्ति रु. १,१५,३३५।-(एक लाख पन्द्र हजार तिन सय पैतिस) राहत उपलब्ध गराइएको छ । खरको छानो परिवर्तन गरी टिनको छाना निर्माणका लागि १०२ लाई रु.५०,०००। (पचास हजार) का दरले रकम उपलब्ध गराइनुको साथै घर निर्माण भइसकेको छ । चालु आर्थिक बर्षमा ४२७ जना लाभग्रहीसगँ सम्झौता गरि प्रति लाभग्राहीलाई ११ हजार ७०४ रकम सम्बन्धित लाभग्राहिको खातामा निकास गरिसकेको छ ।आगामी आवमा ४५० जना लाभग्राही छनौट गर्ने कार्यक्रम रहेको छ । विपन्न आवस कार्यक्रम अन्तर्गत ३८ जना लाभग्राही छनौट प्रक्रिया पुरा भई ३ लाख रकम उपलब्ध गराउने कार्यक्रम रहेको छ ।

## विपद् व्यवस्थापन

NDRRMA र यस गाउँपालिकाको सहकार्यमा स्थानीय विपद् पोर्टल सञ्चालनमा रहेको छ । वडा नं १, २, ६ र ७ मा विपद् पूर्व सूचना प्रणाली ६ स्थानमा जोडिएको छ । विपद् पूर्व कार्य तथा पूर्व तयारीका लागि ५ वटा अभ्यास कार्यक्रम सम्पन्न भएका छन् । १६० जना विपद् पिडीतहरुलाई रु.१८६३४००।-(अठार लाख त्रिसट्ठी हजार चार सय मात्र) बरावरको राहत वितरण गरिएको छ ।

कारितास नेपाल र SDF बाँकेको सहयोगमाGIS सहितको Digital घरधुरी, विद्यालय, खुला स्थान, वन जंगल, सामुदायिक भवनको सर्वेक्षण कार्य जारी रहेको छ।स्थानीय आपतकालिन सेवा केन्द्रको सामग्री व्यस्थापन गर्न कन्टेनरको व्यवस्था गरिएको छ ।स्थानीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण तथा अद्यावधिक भई कार्यान्वयनमा रहेको छ ।

## उर्जा विकास

यस आर्थिक बर्षमा वडा नं ४ र ५ का २५ घरधुरीलाई गोबर ग्याँस जडान गरि पशुपंक्षी पालन र वाताबरण प्रदूषण न्युन हुने अपेक्षा गरिएको छ |

## सुशासन, संस्थागत विकास तथा बैठक व्यवस्थापन

तालिम तथा अभिमुखीकरण ३, जनशक्ति परिचालन २३६, श्रोत व्यवस्थापन र राजस्व परिचालनरु. ६९५९८९९४।-(छ करोड पन्चानब्बे लाख अन्ठानब्बे हजार नौ सय चौरानब्बे मात्र), पालिकाबाट पालिका स्तरीय योजना अनुगमन ११३ वटा गाउँपालिका तथा गाउँसभा बैठक संख्या १६+१, समिति बैठक संख्या १४, विविध बैठक संख्या १६, कर्मचारी बैठक ८ वटा , न्यायिक समितिका काम कारवाही १२ बैठक, मुद्दा २९ मध्य फर्छयौट १८, दरपिठ ७ र ३ वटा बाँकी ,मेलमिलाप केन्द्र गठन ९ वटा ,मेलमिलापकर्तालाई क्षमता अभिवृद्दि तालिम ,न्यायिक मामिला व्यवस्थापन प्रणाली संचालनमा ल्याइएको छ । प्रणाली संचालनको लागि १ दिने क्षमता विकास कार्यशला संचालन गरिएको छ । नियमित आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण गरिनुको साथै जिन्सी व्यवस्थापनमा PAMS लागु भएको छ ।बेरुजु घटाउनमा क्रियाशिलाता अपनाइएको छ |

## सूचना प्रविधिः

राप्ती सोनारी गाउँपालिकामा संचालित विभिन्न पोर्टलहरुको र गाउँपालिकाको फेसबुक पेजलाई अद्यावधिक प्रकाशित ऐन, नियम र कार्यविधिहरुलाई गाउँपालिकाको वेबसाइटमा प्रकाशन गर्ने गरिएको छ । राप्ती सोनारी गाउँपलिका रहेका ७ वटा स्वास्थ्य संस्था र ८ वडा सामुदायिक मा.वि विद्यालयहरुमा विद्युतीय ई- हाजिर जडान गरेको तथा राप्ती सोनारी गाउँपालिकाले गरेका कामहरुलाई त्रैमासिकरुपमा स्वःप्रकाशन गर्ने गरिएको छ । गत आर्थिक बर्षबाट गुनासो एप सञ्चालनमा ल्याइएको छ । अगैया बजारमा नयाँ सिसि टि. भि. २ वटा जोडिएको छ । गाउँसभा तथा कार्यपालिका बैठकलाई प्रत्यक्ष प्रशारण गर्न शुरु गरिएको छ । कार्यालयमा नयाँ नेटवर्किङ्ग प्रणाली जडान गरिएको छ भने ई-हाजिरीलाई अनिवार्य गरिएको छ ।

**आदरणीय सभाध्यक्षज्यू, सभासदस्यज्यूहरु, आदरणीय दिदीबहिनी तथा दाजुभाईहरु**
**अब म आ. व. २०८१/०८२ को बजेटको उद्देश्यहरु प्रस्तुत गर्न चाहन्छुः**

## बजेटका उद्देश्यहरु :

(१) कृषि, पर्यटन, उद्योग लगायतका क्षेत्रहरुको विकास र प्रवर्द्धन मार्फत दीगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने ।
(२) समुन्नत र मर्यादित जीवनका लागि शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक पूर्वाधारहरुको समुचित विकास गर्ने ।

(३) स्तरयुक्त भौतिक पूर्वाधारहरुको विकास मार्फत आर्थिक, सामाजिक क्रियाकलापमा सहज पहूँच सुनिश्चित गर्ने ।

(४) वातावरण र विकास बीच सन्तुलित सम्बन्ध बनाई दीगो विकासमा जोड दिने र प्राकृतिक प्रकोपबाट हुने क्षती न्यूनीकरण गर्ने

(५) सहज तथा गुणस्तरीय सेवा प्रवाह र जवाफदेही सार्वजनिक सेवा मार्फत गाउँपालिकावासीलाई सुशासनको प्रत्याभूति गराउने ।

(६) लोककल्याणकारी भुमिकालाई सुदृढ वनाई सामाजिक सुरक्षा र सामाजिक न्याय सहितको समृद्धि हासिल गर्ने ।

(७) विपद् पूर्व कार्य, पूर्व तयारी, राहत, उद्दार र पुनर्स्थापना कार्यलाई प्राथमिकता दिई नागरिकको जीवनस्तरलाई सहज बनाउने ।

**(क) अपेक्षित उपलब्धीहरुः**

(१) कृषि तथा पशुपंछीका क्षेत्रमा आत्मनिर्भरता वृद्दि भई कृषि क्षेत्रमा रोजगारीको श्रृजना हुनेछ ।

(२) सतप्रतिशन बिधार्थी भर्नादर कायम, विद्यालय शिक्षामा सबैको पहुँन वृद्दि हुनेछ ।

(३) स्वास्थ्य सेवा आम नागरिक समक्ष पुग्नुका साथै रासी सोनारी अस्पतालको सेवामा वृद्दि हुनेछ ।

(४) महिला बालबालिका जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति मुक्त कम्लहरी दलित तथा सामाजिक बञ्चितिकरणमा परेका नागरिकलाई सामाजिक सुरक्षा तथा सामाजिक संरक्षण हुनेछ ।

(५) गुणस्तरीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिईनेछ ।

(६) सामुदायिक वन तथा सहकारीको सहकार्यमा साना तथा घरेलु उद्योगको स्थापना हुनेछ।

(७) नागरिकमैत्री प्रशासनको स्थापना भई वडा तथा शाखाबाट छरितो सेवाप्रवाह हुनेछ ।

**आदरणीय सभाध्यक्षज्यू,**

**सभासदस्यज्यू,**

**दिदीबहिनी तथा दाजुभाइहरु,**

अब म आगामी आवको बजेट तथा कार्यक्रम निर्माण गर्दा गाउँपालिकाले अपनाएका आधारहरु यहाँ प्रस्तुत गर्न चाहन्छु ।

क. नेपालको संविधान (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु)

ख. स्थानीय सरकार संचालन ऐन, २०७४

ग. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध)ऐन, २०७७

ङ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

च. नेपाल सरकारको नीति तथा कार्यक्रम र वर्तमान वजेट

छ. प्रदेश सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट

ज. स्थानीयतहको बजेट तर्जुमा दिग्दर्शन, २०७८

झ. गाउँपालिकाका ऐन, नियम, निर्देशिकाहरु, कार्यविधि र मापदण्ड

ञ. नेपाल सरकारको पन्धौं योजना

ट. दीगो विकास लक्ष्य २०१६–२०३०

ठ. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदनहरु

ड. गाउँपालिको आवधिक योजना २०७९-८४

ढ. गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

ण. गाउँपालिकाको भू उपयोग योजना, २०७९

त. गाउँपालिको कृषि रणनीतिक गुरुयोजना, २०८०

थ. राप्ती सोनारी गाउँपालिका कार्यपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु,

द. गाउँ कार्यपालिका तथा गाउँसभाका निर्णयहरु

ध. नीति तथा कार्यक्रम र बजेट निर्माणका क्रममा आयोजना गरिएका छलफल कार्यक्रमका विषयहरु ।

न. राप्ती सोनारी गाउँपालिकाले आवश्यक देखेका विभिन्न विषयहरु ।

## मुख्य आयोजना कार्यक्रमहरुको विवरणः

**आदरणीय सभाध्यक्षज्यू, सभासदस्यज्यूहरु, दिदीबहिनी तथा दाजुभाईहरु**

अब म आगामी आ.व. २०८१/८२ को कुल बजेट र सोको क्षेत्रगत वितरण प्रस्तुत गर्न अनुमति चाहान्छुः

आ.व.२०८१/८२ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न **चालु तर्फ रु. ५० करोड ६६ लाख ५४ हजार र पूँजीगत तर्फ रु.३५ करोड १४ लाख ३० हजार गरी कुल बजेट रु. ८५ करोड ८० लाख ८४ हजार** विनियोजन गरिएको छ ।

## कृषि तथा पशुपंछी

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई अर्थतन्त्रलाई गतिशील बनाईनेछ । कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण गरिनेछ । कृषि क्षेत्रलाई उद्योगको रुपमा स्थापित गरिनेछ । उत्पादन वढाउन कृषकलाई विभिन्न अनुदानका प्याकेजहरु ल्याईनेछ ।

कृषकलाई मल, बीउ, कृषि सामग्री र कृषि सिंचाई मोटर वितरण गरिनेछ । स्थानीय रैथाने जातका बीउ वेर्नाको जगेर्ना गरिनेछ । कृषकका उत्पादनको संकलन तथा भण्डारणको लागि आबश्यक बजेट बिनियोजन गरिनेछ ।

कृषि उत्पादन केन्द्र पकेट तोकि उत्पादनमा वृद्धि गरिनेछ । उन्नत विउ वालिको प्रयोगलाई बढावा दिईनेछ । कृषि उत्पादनमा मूख्य भूमिका खेल्ने सिंचाईलाई संघ सरकार, प्रदेश सरकार र गाँउपालिकाको सहकार्यमा सिंचाई व्यवस्थापन कार्यलाई अगाडि बढाइनेछ । माटो परीक्षण प्रयोगशाला स्थापना कार्यलाई प्राथमिकता दिइनेछ । वडा नं ४ मा रहेको शीत भण्डार निर्माण कार्य यसै आ. व. मा सम्पन्न गरिनेछ ।

वडा नं. ४ मा भेटेरीनरी अस्पताल निर्माणका लागि प्रदेश सरकारसंग सहकार्य गरिनेछ । पशु स्वास्थ्य सेवालाई समुदायस्तरमा पुऱ्याउन कम्तीमा ३ वटा शिविर सञ्चालन गरिनेछ ।

पशुपालन कार्यलाई व्यवसायका रुपमा स्थापित गरी नागरिकको आयस्तरमा वृद्धि गरिनेछ । दुध तथा मासुमा यस पालिकालाई आत्मनिर्भर बनाई निकासी पैठारीलाई प्रवर्द्धन गरिनेछ । समग्र कृषि तथा पशुपंछी क्षेत्रका कार्यक्रम संचालन गर्न रु. २ करोड ६२ लाख ६२ हजार विनियोजन गरेकी छु ।

## सहकारी, वित्तीय तथा गै. स. स.

यस गाँउपालिका भित्र रहेका सहकारीहरुको नियमन, क्षमता विकास र प्रणाली विकासका लागि रु.१० लाख विनियोजन गरेकी छु । गरिबी निवारण कोष र स्थानीय बिकास कोष अन्तर्गत रहेको

पुंजीलाई पालिका अन्तर्गत ल्याई व्यवस्थित गरिनेछ, साथै युवा स्वरोजगार कोष संग सहकार्य गरी सहकारीहरुलाई उद्यमी र व्यवसायिक बनाइनेछ ।

## भूमि व्यवस्था

नेपाल सरकार भूमि आयोगको सहकार्यमा सञ्चालित भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन, जग्गा नापजाँच तथा जग्गाधनी पूर्जा वितरण कार्य यसै वर्ष सम्पन्न गरिनेछ । सो कार्यका लागि रु.६० लाख विनियोजन गरेकी छु ।

## उद्यम विकास

व्यावसायिक विकास सेवा प्रदायक संस्थाहरु माफर्त लघुउद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सृजना गरिनेछ । संभाव्य उत्पादनको उत्पादकत्व र वजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तानान्तरण गरिनेछ । दुना टपरी उद्योग स्थापना गरिनेछ साथै बजारिकरणका लागि पहल गरिनेछ । उद्यमीहरुको आवश्यकता पहिचानका आधारमा पुर्नताजगी र एडभान्स सिप विकास तालिम संचालन गर्न रु. १७ लाख विनियोजन गरिएको छ ।

## पर्यटन विकास तथा संस्कृति प्रवर्धन

यस गाँउपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण र सम्वर्धन गरी दीगो पर्यटनबिकासका माध्यमबाट नागरिको आयस्तरमा वृद्दि गर्ने रणनीति अख्तियार गरिनेछ । पर्यटकीय पूर्वाधार सुधार, होमस्टे प्रवर्धन तथा होटेल व्यवसायीलाई तालिमको व्यवस्था गरिनेछ । धर्म संस्कृतिलाई पर्यटन क्षेत्रको विकाससंग जोड्दै आर्थिक क्षेत्रलाई गतिशिल बनाईनेछ । यसका लागि रु.५० लाख विनियोजन गरेकी छु ।

## शिक्षा

शिक्षा पाउनु सवै वालवालिकाहरुको अधिकार हो ।गुणस्तर शिक्षामा सहज पहुंच, टिकाउपना र निर्धारित सिकाई सक्षमता हासिल गर्न र गुणस्तरीय शिक्षामा सवै वालवालिकाहरुको पहुँच सुनिश्चित गर्न शिक्षाका समग्र कार्यक्रमहरु संचालन गर्न कुल रु.३७ करोड ८४ लाख १७ हजार विनियोजन गरेकी छु|

## स्वास्थ्य

आधारभूत स्वास्थ्य सेवा सञ्चालन गर्न, प्रयोगशाला सेवालाई विस्तार र गुणस्तरीय बनाउन, औषधी खरिद गर्न, विभिन्न प्रकारका शिबिर सञ्चालन गर्न, नागरिक आरोग्य केन्द्रको सेवालाई विस्तार र व्यवस्थित गर्न तथा स्वास्थ्य संस्थाहरुको निर्माण र मर्मत सम्भार, महिला स्वास्थ्य स्वयम् सेविका परिचालन , खोप जस्ता जनस्वास्थ्यका बिकासका लागि लागि रु.७ करोड ७२ लाख २० हजार विनियोजन गरेकी छु ।

## खानेपानी

स्वच्छ र सफा पानी पिउन पाउनु नागरिकको संबैधानिक अधिकार हो । गाँउपालिका भित्र निर्माणाधिन र सञ्चालित खानेपानी आयोजनाहरुसंग सहकार्य गर्न तथा गरीव एवं सीमान्तकृत नागरिकलाई स्वच्छ खानेपानीको प्रत्याभूतिका लागि रु.३० लाख विनियोजन गरेकी छु ।

## महिला, बालबालिका तथा समाज कल्याण

महिला बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा लैगिंक अल्पसंख्यकको तथ्याकं संकलन तथा अध्यावधिक गरिनेछ । यी वर्ग र क्षेत्रका व्यक्तिहरुको क्षमता अभिवृद्धि गरी आत्मनिर्भर वनाईनेछ।

जेष्ठ नागरिकलाई सम्मानका कार्यक्रमहरु संचालन गरिनेछ र वहाँहरुको ज्ञान सिप र कौशलताको यथोचित प्रयोग गरिनेछ । समाजमा रहेका कुरिति कुप्रथा लैगिक हिंसा,बालबिबाहमुक्त, अपाङ्गता भएका नागरिकको संरक्षण ,मानव बेच बिखन तथा ओसारपसार विरुद्ध सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

महिला विकास कार्यक्रमद्धारा प्रर्वदित महिला सहकारी संस्थाहरुको सुदृढिकरण एवं स्थानीय तहको महिला उद्यमी संजाल स्थापना र संचालन गरिनेछ । यस पालिका अन्तर्गत एक लैगिंक हिंसा निवारण कोष स्थापना गरी आवश्यक रकम जम्मा गरिनेछ । उल्लिखित कार्यक्रमहरु संचालन गर्न रु. २१ लाख विनियोजन गरिएकोछ ।

## पूर्वाधार विकास

यस पालिका अन्तर्गत ९ वटै वडाको सन्तुलित विकासका लागि जनताको आवश्कता माग र चाहाना परिपुर्तिका लागि जम्मा रु.१९ करोड १८ लाख ८० हजार विनियोजन गरेकी छु । यसबाट सवै समुदायको आधारभुत आवश्यकता पुरा हुने अपेक्षा लिईएको छ ।विकास निर्माणका कार्यमा जनताको प्रत्यक्ष सहभागिता हुन गइ विकासको प्रतिफलमा समन्यायिक पहुच हुनेछ र यसबाट सम्पन्न आयोजनाहरु प्रति अपन्वत्व कायम हुन गई आयोजनाको दिगोपना सुनिश्चत भएको हुनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

राप्ती सोनारी गाउँपालिकामा  वर्षायाममा वाढीको उच्च जोखिममा रहने र यसको प्रत्यक्ष असर राप्ती किनाराका वस्तीमा पर्न जाने भएकाले तटवन्धन, वृक्षारोपण, नदी च्यानलाईज जस्ता रोकथाम तथा राहात उद्धारका कार्यक्रम संचालन गरिनेछन । वाढीको क्षति न्यूनीकरण गर्न र यसको स्थायी समाधानका लागि संघ र प्रदेश सरकारसंग समन्वय गरी तटवन्धनका लागि स्रोत पहिचान गरी परिचालन गरिनेछ । यसरी समग्र विपद् व्यवस्थापनका लागि रु. ९५ लाख विनियोजन गरेकी छु।

## वैकल्पिक ऊर्जा

स्वस्थ नागरिक समृद्धिको आधार भन्ने अवधारणालाई साकार रुप दिन जनताको दैनिक जीवनमा प्रयोग हुने परम्परागत चुल्हो काठ दाउरावाट खाना पकाउने अवस्थावाट मुक्त गर्न सुधारिएको चुल्हो वायोमास प्रविधि जडान सौर्य उर्जा प्रविधि जडान, वायोग्यास जडान गरी आधुनिक उन्नत प्रविधि प्रयोगमा ल्याईनेछ । यसका लागि रु. ५ लाख विनियोजन गरेकी छु ।

## सुशासन तथा संस्थागत विकास

म भ्रष्टाचार गर्दिन, हुन पनि दिन्न भन्ने नारालाई सार्थक रुप दिन सेवाग्रहीमैत्री वातावरण सृजना गरी जनताको घरदैलोमा सेवा प्रदान गरिनेछ।गाउँपालिकाबाट सम्पादन हुने हरेक क्रियाकलापलाई पारदर्शी बनाईनेछन् ।

भ्रष्टाचार नियन्त्रण पारदर्शिता शुसासनका माध्यमवाट विकास निर्माणका कार्यहरुमा जनताको अधिकाधिक सहभागिता प्रर्वद्धन गरिनेछ । सेवा प्रवाहका लागि चुस्त र संक्षम प्रशासनिक संयन्त्रको आवश्यकता पर्न जान्छ।

सेवा प्रवाहकको नयाँ प्रविधि तथा अवधारणासंग परिचित गराउन कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता अभिवृद्धिका तालिम संचालन गरिनेछन । कर्मचारीको मनोबल उच्च राख्दै जनताको सेवकको रुपमा रहन उत्प्रेरित गरिनुका साथै प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछन ।

उपर्युक्त क्रियाकलापका अतिरिक्त  कर्मचारीको तलव भत्ता प्रशासनिक खर्च लगायतका लागि  रु. १३ करोड १० लाख ५ हजार  विनियोजन गरेकी छु ।

## न्यायिक समिति तथा मेलमिलाप केन्द्र स्थापना

न्यायिक समिति तथा मेलमिलाप केन्द्रको काम कारवाहीलाई व्यवस्थित, नागरिकमैत्री तथा सूचना प्रविधियुक्त बनाई न्यायिक निरोपण कार्यलाई छरितो र चुस्त बनाइनेछ ।  मेलमिलाप कर्ताको लागि

पुनर्ताजगी तालिम, कर्मचारीको क्षमता वृद्दि तालिम तथा समग्र प्रशासनिक खर्च लगायतका कार्यक्रम संचालन गर्नका लागि रु.१० लाख विनियोजन गरिएको छ ।

## सूचना प्रविधिको विकास र विस्तार

सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी गुणस्तरीय भरपर्दो र विश्वसनीय बनाउन सूचना प्रविधिको उपयोग अधिकतम गरिनेछ ।गाँउपालिका भवन, वडा भवन स्वास्थ्य सेवा केन्द्र भवन तथा सार्वजनिक स्थानहरुमा सिसि क्यामेरा जडान गरिनेछ।ई -हाजिरीलाई सम्पूर्ण कार्यालयहरुमा अनिवार्य गरिनेछ।यसका लागि रु१० लाख विनियोजन गरिएको छ।

## साझेदारी प्रवर्दन कोष

गाउँपालिका भित्र रहेका विभिन्न सामुदायिक बनहरु, निजि क्षेत्र लगायतका विभिन्न संघ संस्थाहरु र टोल विकास संस्थाहरुसंग विभिन्न मोडेलमा विकास कार्यक्रममा सहकार्य गर्न साझेदारी प्रवर्दन कोष मार्फत रु.२५ लाख विनियोजन गरेकी छु ।

## समपुरक कोष

संघ र प्रदेश सरकारको साझेदारीमा समुदायस्तरमा आवश्कता पहिचान गरी प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु संचालन गर्न रु.२ करोड विनियोजन गरेकी छु।यसवाट आ.व.२०८१/८२ भित्र वडा नं २ को निर्माणाधीन सडक लगायत समपुरक अनुदानबाट संचालित आयोजना निर्धारित समयमा सम्पन्न हुने अपेक्षा गरेकी छु ।

**सभाध्यक्षज्यू,**

**सभासदस्य ज्यूहरु,**

**दिदीबहिनीतथा दाजुभाईहरु**

अब म, संघीय सरकार तथा लुम्विनी प्रदेश सरकार र आन्तरीक श्रोतबाट प्राप्त अनुदानवाट कार्यान्वयन हुने अनुमानित आय र व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहान्छुः-

अनुमानित आय र व्ययको श्रोत व्यवस्थापनः

आ.व. ०८१।०८२ मा प्रस्तावित अनुमानित आय- विवरण

**(क) बजेट श्रोत अनुमान तथा प्रक्षेपण**

| क्र.सं. | बजेट श्रोत | बजेट सिमा (रु. हजारमा) |
|---|---|---|
| १ | समानीकरण अनुदान- संघ | १५७९०० |

| | | |
|---|---|---|
| २ | राजश्व बाँडफाँड- संघ | १८०८७५ |
| ३ | समानीकरण अनुदान- प्रदेश | ११२०८ |
| ४ | राजश्व बाँडफाँड- प्रदेश | २१६७९ |
| ५ | आन्तरीक श्रोत | ६१२५० |
| ६ | सशर्त अनुदान- संघ | ३६५७७२ |
| ७ | सशर्त अनुदान- प्रदेश | ९९०० |
| ८ | विशेष अनुदान- संघ | २८००० |
| ९ | विशेष अनुदान- प्रदेश | १५०० |
| १० | समपुरक अनुदान- संघ | १३००० |
| ११ | समपुरक अनुदान- प्रदेश | ७००० |
| | जम्मा | ८५८०८४ |

## बजेट उपशीर्षक अनुसार बजेट बिनियोजन

(ख) बजेट/सिमा निर्धारण अनुमान तथा प्रक्षेपण

| सि.नं. | खर्च शिर्षक | खर्च सिमा (रु. हजारमा) |
|---|---|---|
| **क्रमागत आयोजनाहरु** | | |
| १ | सानो खैरेनी देखि सरस्वती मा.वि.सम्म बाटो कालोपत्रे- ३ | ४५० |
| २ | शित भण्डार निर्माण- ४ (नयाँ र पुरानो समेत) | ७४५० |
| ३ | विद्यालयहरुको शौचालय निर्माण/मर्मत खा.पा.व्यवस्थापन | ६७८० |
| | जम्मा | १४६८० |
| १ | समपुरक आयोजनाहरु- संघ+ प्रदेश+ सडक बोर्ड समेत | २६८०० |
| २ | कार्यालय सञ्चालन | १३५५०० |
| | जम्मा | १६२३०० |

| बिषयगत | | |
|---|---|---|
| १ | शिक्षा | ३९१८६३ |
| २ | स्वास्थ्य | ७७२२० |
| ३ | कृषि | १६०२० |
| ४ | पशु | १०२४२ |
| ५ | महिला | २१०० |
| ६ | खानेपानी | ३००० |
| ७ | सहकारी/संघसंस्था | १००० |
| ८ | वन तथा वातावरण | २५०० |
| ९ | विपद | ७००० |
| १० | पंजीकरण | ४९५ |
| ११ | रोजगार सेवा केन्द्र | ५८६४ |
| १२ | उद्यम विकास | १७०० |
| १३ | आवास कार्यक्रम | ३०२०० |
| १४ | भूमि व्यवस्थापन | ६००० |
| १५ | साझेदारी प्रबर्द्धन कोष | २५०० |
| १६ | स्वास्थ्य उपचार कोष | २००० |
| १७ | समाजिक विकास प्रबर्द्धन कोष | २५०० |
| १८ | मर्मत संभार कोष | २००० |
| | जम्मा | ५६४२०४ |
| **वडागत** | | |
| १ | वडा नं. १ | ९५०० |
| २ | वडा नं. २ | ९५०० |
| ३ | वडा नं. ३ | ९५०० |
| ४ | वडा नं. ४ | ९५०० |
| ५ | वडा नं. ५ | ९५०० |
| ६ | वडा नं. ६ | ९५०० |

| | | |
|---|---|---|
| ७ | वडा नं. ७ | ९५०० |
| ८ | वडा नं. ८ | ९५०० |
| ९ | वडा नं. ९ | ९५०० |
| | जम्मा | ८५५०० |
| **बिशेष अनुदान प्रदेश** | | १५०० |
| **समपुरक संघ** | | १३००० |
| **समपुरक प्रदेश** | | ७००० |
| **शसर्त प्रदेश** | | ९९०० |
| | जम्मा | ३१४०० |
| | कूल जम्मा | ८५८०८४ |

**आ.व २०८१/२०८२ को व्यय विवरण :**

| शीर्षक | आ.व. २०८१/८२ को अनुमान |
|---|---|
| कूल व्यय | ८५८०८४ |
| चालु खर्च | ५०६६५४. |
| पूंजीगत खर्च | ३५१४३०. |

**आदरणीय सभाध्यक्षज्यु,**
**सभासदस्यज्युहरु,**
**दिदीबहिनीतथादाजुभाइहरु**

मैले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटको कार्यान्वयनबाट आर्थिक तथा सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र संस्थागत

विकास तथा सुशासन प्रवर्धन भई नागरिकको सरकार प्रतिको भरोसा र विश्वास स्थापना हुनेमा ठोस योगदान पुग्ने अपेक्षा गरेकी छु।

बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नु हुने अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाको क्रममा उपयोगी राय सल्लाह सुझाव प्रदान गर्नु हुने संघ तथा प्रदेशका माननीय सांसदज्यूहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, नेपाल उद्योग बाणिज्य महासंघ, घरेलु महासंघ, बैंक/वित्तीय/सहकारीकर्मीहरु, निर्माण व्यवसायी, होटेल व्यवसायी, टोल विकास संस्था, सामुदायिक वन उपभोक्ता महासंघ, खानेपानी उपभोक्ता समूह, बाल सञ्जाल/युवा सञ्जाल/आमा समूह/स्वास्थ्य स्वयं सेविका, विद्यालय व्यवस्थापन समिति, सामुदायिक क्याम्पस, वडघर तथा गुरुवा, पत्रकार, शिक्षक, कर्मचारी, निजी क्षेत्र लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस गाउँपालिकाको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउने सबै करदाता र कठिन अवस्थामा पनि हामीलाई निरन्तर सहयोग गर्ने गै.स.स. र साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । बजेट कार्यान्वयनमा सबैको रचनात्मक सहयोग रहने अपेक्षा समेत गरेकी छु ।

**अन्त्यमा,**

वर्षायामको बाढीबाट सुरक्षित रहदै यस गाउँपालिकाको विकासको अभियानमा सहभागी हुन सम्पूर्ण रासी सोनारी निवासी दाजु भाई तथा दिदीबहिनीहरुलाई हार्दिक आह्वान गर्दछु ।

**धन्यवाद!**

**मनिषा सिंह थारु**
**उपाध्यक्ष**
**मिति २०८१ असार १० गते**